**आकाशवाणी समाचार- नेपाली**

मितिः ११ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**<u>मुख्य समाचार</u>**

- राज्यसभामा आज राष्ट्रगीत **वंदे मातरम** को 150 औ वार्षिकोत्सवमा थप चर्चा हुनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीमा इटालीका उपप्रधानमन्त्री तथा विदेशमन्त्री एन्टोनियो ताजानीसँग भेट गर्नुभयो।
- नागरिक उड्डयन महानिर्देशनालय (DGCA) ले गुरुग्रामस्थित इन्डिगोको कर्पोरेट कार्यालयमा एक विशेष अनुगमन टोली गठन गरेको छ।
- भारतीय रेलवेले वित्त वर्ष २०२३-२४ मा यात्रालाई किफायती राख्न ६० हजार करोडभन्दा बढीको सब्सिडी प्रदान गरेको छ।
- पुरुष हक्की जुनियर विश्वकपमा हिजो आयोजक भारतले अर्जेन्टिनालाई ४-२ ले पराजित गर्दै कांस्य पदक जितेको छ।
- भारत र दक्षिण अफ्रिकाबीचको दोस्रो टी-२० क्रिकेट म्याच आज साँझ ७ बजे चण्डीगढको महाराजा यादविन्द्र सिंह अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा खेलिनेछ।

**<u>संसद कार्य</u>**

राज्यसभामा आज राष्ट्रगीत **वंदे मातरम** को 150 औ वार्षिकोत्सवमा थप चर्चा हुनेछ। केन्द्रीय मन्त्री तथा सदनका नेताजे.पी. नड्डाको सम्बोधनसँगै चर्चा समाप्त हुनेछ। त्यसपछि राज्यसभाले चुनावी सुधारको बारेमा चर्चा सुरु गर्नेछ।

**<u>राष्ट्रपति</u>**

राष्ट्रपति द्रौपदी मुर्मु मणिपुरको दुई दिवसीय भ्रमणका लागि आज इम्फाल जानुहुनेछ। यस भ्रमणको क्रममा उहाँले विभिन्न औपचारिक र विकासात्मक कार्यक्रमहरूमा भाग लिनुहुनेछ।

इम्फाल पुग्नुभएपछि, राष्ट्रपतिलाई परम्परागत गार्ड अफ अनर प्रदान गरिने छ। त्यसपछि उहाँले ऐतिहासिक मापाल कांगजेइबुङ स्टेडियममा पोलो प्रदर्शनी म्याच हेर्नुहुनेछ।

**<u>पीएम-इटली डीपीएम</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीमा इटालीका उपप्रधानमन्त्री तथा विदेशमन्त्री एन्टोनियो ताजानीसँग भेट गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमा श्री मोदीले भारत-इटाली मित्रता निरन्तर बलियो हुँदै गइरहेको र यसले हाम्रा जनता र विश्व समुदायलाई अपार फाइदा पुर्‍याएको बताउनुभयो।श्री मोदीले भन्नुभयो श्री एन्टोनियो ताजानीले व्यापार, लगानी, अनुसन्धान, नवप्रवर्तन, रक्षा, अन्तरिक्ष, कनेक्टिभिटी, आतंकवाद विरोधी, शिक्षा र पारस्परिक सम्बन्ध जस्ता प्रमुख क्षेत्रहरूमा

इटाली-भारत संयुक्त रणनीतिक कार्य योजना २०२५-२०२९ को कार्यान्वयनतर्फ दुवै पक्षले चालेका कदमहरूको पनि प्रशंसा गर्नुभयो।

**डी.जी.सी.ए.- इंडिगो**

नागरिक उड्डयन महानिर्देशनालय (DGCA) ले गुरुग्रामस्थित इन्डिगोको कर्पोरेट कार्यालयमा एक विशेष अनुगमन टोली गठन गरेको छ।DGCA ले एक आदेश जारी गर्दै यो घोषणा गरेको छ। यसको उद्देश्य उडान ढिलाइ र रद्दको घटनामा यात्रीहरूलाई हुने असुविधालाई कम गर्नु होआठ सदस्यीय टोलीको नेतृत्व उपप्रमुख उडान सञ्चालन निरीक्षक क्याप्टेन विक्रम शर्माले गर्नुहुनेछ। टोलीले विमान क्षमता, चालक दलको उपलब्धता, उपयोग घण्टा, अनियोजित अवकाश, र स्ट्यान्डबाइ चालक दल सहित प्रमुख सञ्चालन क्षेत्रहरूको निगरानी गर्नेछ।यसका साथै, DGCA का अधिकारीहरू अश्विर सिंह र मणि भूषणले दैनिक उडान रद्द, धनवापसी प्रशोधन, समयमा उडान, यात्री क्षतिपूर्ति र सामान वितरणको निगरानी गर्नेछन्।

**नड्डा - टीबी मुक्त भारत**

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले हिजो गुजरातका सांसदहरूसँग क्षयरोगमुक्तभारततर्फको प्रयासलाई कसरी अगाडि बढाउने भन्ने बारेमा कुराकानी गर्नुभएको थियो। एक सामाजिक सञ्जालमा पोस्टमा श्री नड्डाले बलियो सामुदायिक सहभागिता, सुधारिएको पहुँच र नियमित अनुगमनले देशमा क्षयरोग विरुद्धको अभियानलाई तीव्र बनाउने बताउनुभयो। नयाँ दिल्लीमा भएको बैठकमा सांसदहरूले सामुदायिक गतिविधिहरूलाई तीव्र पार्ने, जागरूकता अभियानहरू विस्तार गर्ने र यसको प्रगतिलाई नजिकबाट निगरानी गर्ने संकल्प गरे।

**वैष्णव-रेलवे**

भारतीय रेलवेले वित्त वर्ष २०२३-२४ मा यात्रालाई किफायती राख्न ६० हजार करोडभन्दा बढीको सब्सिडी प्रदान गरेको छ।रेल मन्त्री अश्विनी वैष्णवले हिजो लोकसभामा एक पूरक प्रश्नको जवाफमा यात्रीहरूलाई प्रदान गरिने सब्सिडी कुल यात्रा लागतको ४५ प्रतिशत हो भनी बताउनुभयो। उहाँले भारतीय रेलको **भाडा** विश्वमा सबैभन्दा कम भएको बताउनुभयो। रेल मन्त्रीले छिमेकी देशहरूको तुलनामा भारतले आफ्ना यात्रीहरूलाई सबैभन्दा किफायती परिवहन सुविधा प्रदान गर्ने बताउनुभयो।

**शिल्प दीदी-वस्त्र**

कपडा मन्त्रालयकी सचिव नीलम शमी रावले सरकारको शिल्प दिदी कार्यक्रमले महिला उद्यमीहरूको आय बढाउन मद्दत गरेको बताउनुभएको छ। उहाँले केही शिल्प दिदीहरूको आय ५ लाख रुपियाँभन्दा बढी भएको बताउनुभयो। कपडा सचिवले राष्ट्रिय हस्तकला तथा सम्पदा सप्ताहको अवसरमा नयाँ दिल्लीमा पत्रकारहरूलाई सम्बोधन गर्नुहुदै यो पहलले देशका महिला कारीगरहरूलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन प्लेटफर्म प्रदान गरिरहेको बताउनुभयो।

**भाजपा - पीएम मोदी**

भारतीय जनता पार्टीले प्रधानमन्त्री नरेन्द्र मोदीको विदेश यात्राको बारेमा कांग्रेस पार्टीको टिप्पणीको आलोचना गरेको छ।नयाँ दिल्लीमा पत्रकारहरूलाई सम्बोधन गर्नुहुदै भाजपा प्रवक्ता सुधांशु त्रिवेदीले श्री मोदीले आधिकारिक भ्रमण र राष्ट्रिय हितमा विदेश भ्रमण गर्ने बताउनुभएको छ। श्री त्रिवेदीले कांग्रेस नेता तथा लोकसभामा विपक्षी दलका नेता राहुल गान्धी संसदको अधिवेशन चल्दा हरेक पटक छुट्टी मनाउन विदेश जान्छन् भनि दाबी गर्नुभएको छ। उहाँले श्री गान्धीलाई आफ्नो यात्राको क्रममा देशको छवि धमिलो बनाएको आरोप पनि लगाउनुभयो।

**आरबीआई-एसजीबी**

भारतीय रिज़र्व बैंक-आर.बी.आई.ले सॉवरेन गोल्ड बॉन्ड्स-एस.जी.बी को दुई श्रृंखलाहरुका लागि 12 हजार 8 सय

एक रुपियाँ प्रति यूनिटको मोचन मूल्य निर्धारित गरेको छ। बैंकले एक विज्ञप्तिमा 11 दिसंबर 2017 मा जारी एस.जी.बी 2017-18 सीरीज-XI को यूनिट धारकहरुले परिपक्वतामा यो राशि प्राप्त गर्नेछन्। उनीहरूले सुरुमा प्रति युनिट 2 हजार 954 मा सदस्यता लिएका थिए र 2.5 प्रतिशत वार्षिक ब्याज पनि अर्जित गरेका थिए।

RBI ले 2019-20 सीरीज XI को समयपूर्व रिडेम्प्शनको लागि पनि उही मूल्य तोकेको छ, जुन आज बाँकी छ। केन्द्रीय बैंकले यो मूल्य इन्डिया बुलियन एण्ड ज्वेलर्स एसोसिएसन (IBJA) द्वारा प्रकाशित गरिएको रिडेम्प्शनको मितिबाट पछिल्लो तीन कार्य दिनहरूमा 999 शुद्धताको सुनको साधारण औसत बन्द मूल्यमा आधारित रहेको बताएको छ।

**भारत-मलेशिया: संयुक्त बैठक**

भारत र मलेसियाले आतंकवाद र अन्तर्राष्ट्रिय अपराधहरू विरुद्ध सहयोगलाई सुदृढ पार्ने प्रतिबद्धता दोहोर्‍याएको छ।
नयाँ दिल्लीमा भएको आतंकरोधी र अन्तर्राष्ट्रिय अपराध सम्बन्धी भारत-मलेसिया संयुक्त कार्य समूहको तेस्रो बैठकमा दुवै पक्षले क्षेत्रीय र विश्वव्यापी आतंकवाद परिदृश्य बारे विचार- विमर्श गरे।
बैठकको सह-अध्यक्षता भारतको विदेश मन्त्रालयमा आतंकरोधी सहसचिव विनोद बहादे र मलेसियाको गृह मन्त्रालयमा उपसचिव मोहम्मद अजलन बिन रजालीले गर्नुभएको थियो।दुवै पक्षले आतंकवादको सबै रूप र अभिव्यक्तिको निन्दा गरे र आतंकवादलाई व्यापक र दिगो रूपमा लड्न अन्तर्राष्ट्रिय सहयोगलाई सुदृढ पार्नुपर्ने आवश्यकतामा जोड दिए।

**एडीबी- भारत विकास**

एशियाई विकास बैंक (एडीबी) ले आर्थिक वर्ष २०२५-२६ को लागि भारतको वृद्धि पूर्वानुमान एसिया तथा प्रशान्त विकास दृष्टिकोण प्रतिवेदनमा ६.५ प्रतिशतबाट बढाएर ७.२ प्रतिशत पुर्‍याएको छ। जुलाई-सेप्टेम्बर त्रैमासिकमा भारतले रेकर्ड गरेको बलियो वृद्धि दर र चालू आर्थिक वर्षमा अझ बलियो वृद्धि सम्भावनाका कारण ०.७ प्रतिशत अंकले वृद्धि भएको छ। बहुपक्षीय विकास बैंकले आर्थिक वर्ष २०२६-२७ को लागि आफ्नो पूर्वानुमान ६.५ प्रतिशत तोकेको छ। एडीबीले सेप्टेम्बरमा गरिएको ४.८ प्रतिशतको पूर्वानुमानको तुलनामा यस वर्ष क्षेत्रको अर्थतन्त्र ५.१ प्रतिशतले बढ्ने पूर्वानुमान गरेको छ। यो विकास दर भारतमा अपेक्षाभन्दा बलियो वृद्धिको कारणले भएको हो।

**युरोपीय नेता- ट्रंप-युक्रेन**

हिज अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको संयुक्त फोन वार्तापछि युरोपेली नेताहरूले युक्रेन द्वन्द्व अन्त्य गर्ने अमेरिकाको नेतृत्वमा रहेको योजनामा गहन काम जारी रहने बताएका छन्।ब्रिटेनका प्रधानमन्त्री कीर स्टारमर, फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोन र जर्मन चान्सलर फ्रेडरिक मेर्जले भन्नुभयो, नेताहरूले युक्रेनका जनता र युरो-एट्लान्टिक क्षेत्रको साझा सुरक्षाको लागि महत्वपूर्ण क्षण हो भन्ने कुरामा सहमति जनाएका छन्।

**हॉकी फाइनल मैच**

पुरुष हक्की जुनियर विश्वकपको फाइनलमा डिफेन्डिङ च्याम्पियन जर्मनीले स्पेनलाई पेनाल्टी सुटआउटमा ३-२ ले पराजित गर्दै आफ्नो आठौं उपाधि जितेको छ। चेन्नईमा खेलिएको म्याच निर्धारित समय पछि १-१ को बराबरीमा सकिएको थियो।हिजो आयोजक भारतले अर्जेन्टिनालाई ४-२ ले पराजित गर्दै कांस्य पदक जितेको छ।

**क्रिकेट - भारत-दक्षिण अफ्रीका टी20**

भारत र दक्षिण अफ्रिकाबीचको दोस्रो टी-२० क्रिकेट म्याच आज साँझ ७ बजे चण्डीगढको महाराजा यादविन्द्र सिंह अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियममा खेलिनेछ।

सूर्यकुमार यादवको नेतृत्वमा रहेको भारतीय टिम पाँच म्याचको टी-२० शृङ्खलामा १-० ले अघि छ।
कटकमा भएको पहिलो टी-२० म्याचमा भारतले दक्षिण अफ्रिकालाई १०१ रनले पराजित गरेको थियो। स्टार अलराउन्डर हार्दिक

पाण्ड्याको पुनरागमनले टिमलाई बलियो बनाएको छ। उपकप्तान शुभमन गिल पनि टिममा फर्किएका छन्।श्रृङ्खलाको तेस्रो म्याच धर्मशालामा, चौथो लखनऊमा र अन्तिम खेल अहमदाबादमा खेलिनेछ।

**गोवा आग दुर्घटना**

गोवा पुलिसले एक

**क्रिकेट**

पाँच म्याचको टी-२० क्रिकेट

****** ० ******